का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ असोज २०७९,
बिहीबार
29 September 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

दशैं विशेष
थप १६ पृष्ठ

वर्ष २०, अंक २३६ । पृष्ठ १२+८+८ Madhyanha National Daily www.madhyanhadaily.com

## डेंगुबाट एकैदिन चार जनाको मृत्यु

### २७ हजार बढी संक्रमित

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, १२ असोज ।

नेपालमा साउन यता डेंगुबाट मृत्यु हुनेको संख्या ३६ पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार मंगलबार मात्रै डेंगु संक्रमणबाट चार जनाको मृत्यु भएको छ । मन्त्रालयको तथ्यांक अनुसार साउनयता २७ हजार ५६९ जनामा डेंगु संक्रमण भइसेको छ ।

तथ्यांकअनुसार डेंगीको उच्च जोखिममा १० वटा जिल्ला रहेका छन् । जसमध्ये काठमाडौंमा ९ हजार ४९६, ललितपुरमा ६ हजार ४९८ र मकवानपुरमा – बाँकी पृष्ठ २ मा

## सल्यानमा जीप दुर्घटना ८ जनाको मृत्यु



**कमल खड्का/मध्यान्ह**
रोल्पा, १२ असोज ।

सल्यानमा जीप दुर्घटना हुदा ८ जनाको मृत्यु भएको छ । बाँकेको राप्ती सोनारी गाउँपालिका -९ ढकेरीबाट बिहे भोज खाएर सल्यानको रिमतर्फ हिँडेको रा १ ज ५६३ नम्बरको जीप – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## आम चुनाव : व्यवसायीलाई हर्ष न विस्मात !

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असोज

मुलुक संघीय संरचनामा प्रवेश गरेपछि आगामी मंसिर ४ गते तय भएको दोस्रो आम निर्वाचन आउन करिब ५४ दिन बाँकी छ । प्रमुख राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरू स्थायित्व, सुशासन तथा समृद्धिका आकर्षक नारासहित मैदानमा आउने तयारीमा छन् ।

कतिपय वर्ग र समुदाय आफ्नो समुदायको उम्मेदवार नछुटोस् भनेर खबरदारी गरिरहेका छन् । तर आफ्नै वरिपरि निर्वाचनको व्यापक तयारी भइरहँदा मुलुकको अर्थतन्त्रमा एक तिहाइभन्दा बढीको योगदान दिएको वैदेशिक रोजगार क्षेत्र निराश, उदास र सुस्त देखिएको छ । वैदेशिक रोजगार पृष्ठभूमिका केही उम्मेदवार मैदानमा देखिँदा उनीहरूलाई आर्थिक र भौतिकरूपमा सहयोग गर्ने विषयमा हालसम्म कुनै साझा पहल व्यवसायीबाट हुन सकेको छैन । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष समेत रहेका संघ – बाँकी पृष्ठ २ मा

# कांग्रेसमा किचलो, गठबन्धनमा असर

सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसभित्र देखिएको असन्तुष्टिका कारण सत्तारुढ गठबन्धनबीच सिट भागबण्डामा समस्या देखिएको छ । तर सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीभित्रको असन्तुष्टि हल गर्नेबारे अहिलेसम्म कुनै पहलकदमी भने लिएका छैनन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ असोज ।

नेपाली कांग्रेसका नेताहरु निर्वाचन आयोगमा बुझाइएको समानुपातिक तर्फको बन्द सूचीप्रति असन्तुष्ट देखिएका छन् । सभापति शेरबहादुर देउवाले बन्द सूची सच्याउने प्रतिवद्धता व्यक्त गरे पनि संस्थापनइतर समूह सानेपास्थित केन्द्रीय कार्यालयमा धर्ना दिने स्थितिसम्म पुगेको छ ।

नेपाली कांग्रेसका संस्थापनइतर समूहले बुधबार दिउँसो १ बजेदेखि दिउँसो २ बजेसम्म धर्ना दिए । प्रतिनिधि सभा र प्रदेश सभाको समानुपातिकतर्फ उम्मेदवार सूची बुझाउँदा संस्थापन पक्षले एकलौटी गरेको आरोपसहित सूची सच्याउन माग गर्दै संस्थापनइतर समूह धर्ना बसेका हुन् ।

निर्वाचन आयोगले कांग्रेस सहित ठूला दलहरुलाई असोज १४ भित्र समानुपातिक उम्मेदवार सूची सच्याउन भनेको छ । आयोगले भनेको समय सीमाभित्रै बन्द सूची सच्याउन संस्थापन इतर समूहले सभापति देउवासँग माग गरेको छ ।



पार्टी कार्यालयमा धर्ना दिँदै कांग्रेसका नेता/कार्यकर्ता

पार्टीभित्र समानुपातिकमा पहुँचवाला नेताहरूले श्रीमती र भाइभतिजालाई राखेको भन्दै असन्तुष्टि प्रकट भएको हो । असन्तुष्ट नेताहरुले कसैका श्रीमती र भाइभतिजालाई राख्न समानुपातिक सूचीको परिकल्पना नगरिएको बताएका छन् । पार्टीका लागि काम गरेको, रगत र पसिना बगाएकाहरूलाई उम्मेदवार बनाउनुपर्ने उनीहरूको माग छ ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य दिनेश कोइरालाले सभापति देउवालाई चिठी नै लेखेर समानुपातिक सिट पत्नी र परिवारको अंश नभएको बताएका छन् । समानुपातिक सूची आरक्षित सिट भएको र आरक्षण पाउन लायक जाति, समुदाय, क्षेत्र तथा व्यक्तिहरुलाई समानुपातिक उम्मेदवारका रुपमा प्रस्ताव गरिनुपर्ने उनको भनाइ छ ।

समानुपातिक निर्वाचन प्रणालीको आदर्श र मर्म विपरीत पहुँचवाला, नातागोता, वंश, परिवार, आसेपासे तथा अर्थ बलले सुसज्जित पात्रहरुलाई प्रस्ताव गरिएको उनको – बाँकी पृष्ठ २ मा






मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१३ असोज २०७९, बिहीबार
29 September 2022, Thursday

# यात्रुलाई टिकटमा ठगी गर्ने ३३ पक्राउ

**काठमाडौं/मस–** काठमाडौं उपत्यकाबाट दशैंका लागि आआफ्नो घर जान टिकट काट्ने यात्रुलाई ठगी गर्ने ३३ जना व्यक्ति पक्राउ परेका छन् । यात्रुलाई बढी भाडा लिने, फर्जी टिकट दिने वा डबल टिकट लिनेलगायत ठगी गर्नेलाई महानगरीय प्रहरी कार्यालयले पक्राउ गरी कारबाहीका लागि नजिकैका महानगरीय प्रहरी वृत्त वा प्रभाग पठाएको छ । यात्रुलाई चाडपर्वको मौका छोपी ठगी गर्ने व्यक्तिमाथि निगरानी राख्नका लागि सादा पोसाकमा ट्राफिक प्रहरी परिचालन गरिएको कार्यालयका प्रमुख (प्रहरी वरिष्ठ उपरीक्षक) राजेन्द्र भट्टले जानकारी दिए । कार्यालयले दशैं, तिहार, छठलगायत चाडपर्वलाई लक्षित गरी बनाएको कार्ययोजनाअनुसार एक हजार चार सय ६८ जनशक्ति परिचालन गरिएको छ । खराब अवस्थाका सवारीसाधन मर्मत नगरी सञ्चालन गर्दा दुर्घटना हुने गरेकाले ट्राफिक प्रहरीले त्यो नियन्त्रणका लागि ठाउँठाउँमा 'मेकानिकल चेकिङ' गरिरहेको प्रवक्ता भट्टले जानकारी दिनुभयो। आजसम्मको सवारीसाधन खराब अवस्थामा सञ्चालन गर्ने ९८ लाई कारवाही गरिएको छ । कतिपय सवारी साधनमा हातले लाग्ने ब्रेक काम नगर्ने र कतिपयको पाङ्ग्रा खराब अवस्थामा पाइएको उनले बताए। उनले भने, 'पाङ्ग्रा नै प्वाल पर्न लागेको अवस्थामा समेत चलाएको पाइएको छ।' कार्यालयले यातायात व्यवस्था विभाग, यातायात व्यवसायीलगायतको समन्वयमा उपत्यकाका १४ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेको छ।

# दशैंमा ११ देखि ३ बजेसम्म सर्वोच्च अदालत खुल्ने

**काठमाडौं/मस–**सर्वोच्च अदालत बडा दशैं २०७९ को बिदाको समयमा पनि बिहान ११ देखि अपराह्न ३ बजे खुला रहनेछ ।

दशैं पर्वका अवसरमा घटस्थापनाका दिनदेखि यही असोज २३ गते कोजाग्रत पूर्णिमाका दिनसम्म बन्दीप्रत्यक्षीकरण रिट हेर्न उक्त समय अदालत खुला हुने सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले जानकारी दिए ।

न्याय प्रशासन ऐन, २०७३ को दफा २६ बमोजिम उक्त अवधिमा पर्ने घटस्थापना, शनिबार र विजयादशमीका दिनबाहेक अन्य दिनमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन लिई सुनुवाइ हुनेछ ।

# व्यवसायी भट्टराई सम्मानित

**काठमाडौं/मस–** डेष्टिनी एच आर ग्रुप प्रा.लि.का सञ्चालक युवा वैदेशिक रोजगार व्यवसायी ठाकुर भट्टराई सम्मानित भएका छन् । बुधबार चन्द्रलोक प्रतिष्ठानले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले व्यवसायी भट्टराई लगायतलाई आर्थिक, सामाजिक, शैक्षिक तथा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरेका हुन् ।

सम्मानित व्यवसायी भट्टराई लायन्स क्लबमार्फत समाजमा गरिब विपन्न तथा असाहयहरूलाई भौतिक सामग्री तथा उनीहरूका बालबच्चालाई शैक्षिक सामग्री प्रदान गरेर सामाजिक क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउँदै आएका व्यक्तित्व भएको चन्द्रलोक प्रतिष्ठानले जनाएको छ ।

भट्टराई सिन्धुली जिल्लाको फिक्कल गाउँपालिका-५ का स्थायी बासिन्दा हुन् । सामाजिक क्षेत्रबाट भएको सम्मानले समाजसेवामा थप प्रतिवद्ध भएर लाग्ने प्रेरणा मिलेको भन्दै व्यवसायी भट्टराईले बेरोजगार युवायुवतीलाई विदेशमा भएपनि रोजगारी उपलब्ध गराउने र भविष्यमा विदेशबाट सीप सिकेर आएकालाई स्वदेशमा परिचालन गर्ने र उनीहरुको पूँजी लगानी गर्ने वातावरण बनाउन सरकारलाई घचघचाउने लगायतका अन्य सामाजिक कार्य निरन्तर गरिरहने बताए । कार्यक्रम प्रतिष्ठानका अध्यक्ष सिताराम कार्कीको सभापतित्वमा भएको थियो ।

## डेंगुबाट...

सबैभन्दा बढी २ हजार ६९१ जनामा डेंगी संक्रमण पुष्टि भएको छ। १० जिल्लामा मात्र २३ हजार ६ सय ७१ जनामा संक्रमण पुष्टि भएको छ ।

संक्रमण बढेसँगै डेंगी नियन्त्रण सरकारको प्राथमिकतामा नपरेको भन्दै जनस्वास्थ्य विज्ञहरूले चिन्ता व्यक्त गरेका छन् ।

## सल्यानमा ...

कपुरकोट गाउँपालिका -३ मुलपानीमा दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ ।

मृत्यु हुनेमा सल्यान कपुरकोट गाउँपालिका -६ जलबाँङ बस्ने २१ बर्षका जित बहादुर बोहरा, सोही ठाउँका ३७ बर्षीय धर्मा ओली, ४० वर्षीय टोप बहादुर ओली , उनको ११ वर्षीय छोरा बसन्त ओली, सोही ठाउँका ३० वर्षीय सुरेश खत्री, ७० वर्षीय खुमलाल ओली, ५५ वर्षीय कुमारी ओली र सोही गाउँपालिका ५ रीम बस्ने ३५ वर्षीय ललित ओली रहेको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रमुख प्रहरी नायव उपरीक्षक दामोदर केसीले मध्यान्हलाई बताए ।

जीपमा नौ जना सवार रहेकोमा कपुरकोट गाउँपालिका ६ जलबाँङका ३५ वर्षीय तिलक ओली गम्भीर घाइते भएका छन् । उनको प्रादेशिक अस्पताल दाङमा उपचार भईरहेको छ । जीप सडकबाट करिब १५० मिटर तल खसेको प्रहरी नायव उपरीक्षक केसीले जानकारी दिए ।

## कांग्रेसमा...

टिप्पणी छ । समानुपातिक उम्मेदवार चयन गर्दा पार्टीभित्रको खास गुट, खास परिवार र खास नेताहरुको तावेदारीहरुलाई प्राथमिकता दिइएको उल्लेख गर्दै नेता कोइरालाले रोष प्रकट गरेका छन् ।

'समानुपातिक सिट भनेको पत्नी तथा परिवारलाई दिइने अंश होइन' उनले बुधबार कांग्रेस केन्द्रीय कार्यालयमा बुझाएको पत्रमा छन्, 'समानुपातिकतर्फ अंश, वंश र अर्थ प्रेरित उम्मेदवारहरुलाई प्रस्ताव गरिँदा त्यसको दुष्प्रभाव प्रत्यक्षमा लड्ने उम्मेदवारहरुलाई समेत पर्ने देखिन्छ ।'

समानुपातिक सिट आफ्नो वंशका लागि आरक्षण होइन भन्ने सन्देश कांग्रेसले देशव्यापी रुपमा दिनुपर्ने भन्दै उनले ध्यानाकर्षण पत्र मार्फत ६ बुँदे सुझाव दिएका छन् । सुझावको पहिलो बुँदामै भनिएको छ, 'संघ तथा प्रदेश संसदमा एकाघर परिवार तथा दम्पतीबाट एक जनाभन्दा धेरैलाई अवसर नदिइयोस् ।' उम्मेदवार प्रस्ताव भएकाहरुले पार्टीभित्र जिम्मेवार पदमा आफ्नो नातागोता को को छन् भन्ने खुलाउनुपर्ने पनि केन्द्रीय सदस्य कोइरालाले बताएका छन् ।

'जिम्मेवार पदमा बसेका नेताहरुले आफ्नो परिवार तथा वंशलाई आफ्नो व्यक्तिगत प्रभाव प्रयोग गरेर अवसर दिने दिलाउने काम नगर्ने सार्वजनिक प्रतिवद्धता गरुन्' भन्ने पनि नेता कोइरालाको आग्रह छ ।

कांग्रेसले केही समयअघि नै केन्द्रीय समितिबाट निर्णय गर्दै गठबन्धन गरी जाने निर्णय गरेको थियो । त्यसबेला खासै विरोध भएको थिएन । तर अहिले उम्मेदवार सूची बनाउन थालेपछि पार्टीका आन्तरिक विषय र गठबन्धन गर्नेजस्ता कुरालाई लिएर कांग्रेसभित्र विवाद देखा परेको हो । सभापति देउवा पक्षले ४० प्रतिशत भाग दिनुपर्ने पनि शेखर कोइराला पक्षको माग छ ।

कांग्रेसभित्र देखिएको असन्तुष्टिको असर सत्तारुढ गठबन्धनभित्र देखिएको छ । स्थानीय चुनाव लगत्तैबाट सिट भागबण्डाबारे लगातार गृहकार्य भइरहेपनि निष्कर्षमा पुग्न नसकेको गठबन्धनभित्र कांग्रेसभित्रको असन्तुष्टिले असर गरेको नेताहरु बताउँछन् ।

## आम...

तदर्थ कार्यसमिति सदस्य पुराना व्यवसायी दिलप्रसाद पोखरेल वैदेशिक रोजगार पृष्ठभूमि भएर संविधानसभा तथा पछिल्लो प्रतिनिधिसभामा नेतृत्व गरेका सांसद तथा सभासदहरूको भूमिकाका कारण व्यवसायीहरु आशावादी र उत्साहित हुन नसकेको बताउँछन् ।

'वैदेशिक रोजगार पृष्ठभूमि बाहिरबाट मन्त्री र सांसद हुनेहरूबाट व्यवसायीले राहतको अनुभुति गरेको तर व्यवसायी पृष्ठभूमिका व्यक्ति मन्त्री र सांसद हुँदा व्यवसायीलाई दुःख दिने र तेजोबध गर्ने काम भयो,' पूर्वअध्यक्ष पोखरेलले भने, 'कसको अनुहार सम्झेर उत्साहित हुनु ।'

धेरै जनप्रतिनिधि वैदेशिक रोजगार व्यवसायसँग अप्रत्यक्षरूपमा जोडिएका छन् । संविधानसभामा नेपाली कांग्रेसका टेकबहादुर गुरूङ, एमालेका महेन्द्र शेरचन र राप्रपा नेपालकी कमलादेवी शर्मा र अघिल्लो प्रतिनिधिसभामा एमालेका एलपी साँवा लिम्बू र तत्कालीन एमाले तथा पछि विभाजित नेकपा एकीकृत समाजवादीका कृष्णकुमार श्रेष्ठ (किसान) सांसद थिए। पाँचमध्ये तीन जना मन्त्री नै बनेका थिए।

व्यवसायी पोखरेलले भने, 'टेकबहादुरजीको पालामा भएको फ्रि भिसा फ्रि टिकटको निर्णयले व्यवसायी अहिले पनि समस्यामा छन् । अन्य मन्त्रीहरूले पनि मुखले ठिक्क पारेपनि मुल समस्या समाधानको पहल गर्नु भएन, बरु वैदेशिक रोजगार क्षेत्र बाहिरबाट मन्त्री भएका रमेश लेखक र लेखराज भट्टको पालामा केही सुधारको अनुभुति भएको हो ।'

नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनालको भने भनाइ केही फरक छ । एशोसिएसनमा आवद्ध व्यवसायीहरूले आ-आफ्नो जिल्ला र निर्वाचन क्षेत्रमा आवश्यकताका आधारमा सहयोग गर्ने धारणा राखेको जानकारी दिँदै त्यतिले मात्रै नपुग्ने बताए । उनले भने, 'वैदेशिक रोजगार यतिखेर बाध्यताले मुलुकको आवश्यकता बनेको छ, स्वदेशमा रोजगारीका प्रशस्त आधार नदेखिँदासम्म वैदेशिक रोजगारको विकल्प छैन । यस क्षेत्रमा सुधारका धेरै काम गर्न बाँकी छ, त्यसैले नेपालको वैदेशिक रोजगार क्षेत्र बुझ्ने व्यक्ति सांसद निर्वाचित होस् भन्ने शुभेच्छा राखेर व्यवसायीहरू क्रियाशील हुनुपर्छ ।'

नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारीले प्रदेश तथा प्रतिनिधिसभा दुबैतर्फ व्यावसायिक पृष्ठभूमि भएका उम्मेदवारहरूलाई आर्थिक, सामाजिक र नैतिकरूपमा सहयोग गरिने बताए । उम्मेदवार तय भइनसकेको र चाडबाड नजिक रहेकोले संगठित प्रयास नभएपनि दशैंपछि सहयोगको ठोस् पहल गर्ने बताए ।


**साउदीमा रोजगार** | कम्पनी: UNITED MEMBERS CONTRACTING COMPANY ONE PERSON COMPANY
शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०७९/०४/२४ चलानी नं.: ६०१८५०१६ L.T. No.:268226 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Utensils Cleaning Agent | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | kitchen Worker | 15 | 0 | | 1000 | ३३,८४० | | | | | | | |

२. कम्पनी: SATE KAJANG HJ. SAMURI PROCESSING SDN. BHD. शहर: Malaysia, Kajang

पूर्व स्वीकृत मितिः २०७९/०६/११ चलानी नं.: ६०१८८५०२ LT. No.: 272637

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज २३ गते (9 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Amity Global Group
**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com


## कुम्मायक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

यासोक, पाँचथर
प्रदेश नं.१, नेपाल

**कुम्मायक गाउँपालिका, यासोक, पाँचथर को आफ्नै लोगो बनाउने सम्बन्धि सूचना !!!**

**प्रथम पटक प्रकाशित मितिः २०७९।०६।१३**

प्रस्तुत बिषयमा यस कुम्मायक गाउँपालिका, यासोक, पाँचथर को आफ्नै लोगो बनाउने गाउँ कार्यपालिकाको निर्णय भएकोले निम्न शर्त र बिषयको अधिनमा रहेर यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपुर्वक निवेदन दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**समेट्नुपर्ने बिषयहरु:**

क) कुम्मायक-कुस्सायक
ख) तमोर नदी
ग) थिङ्गेन चोक सुम्हालुङ वडा नं. २
घ) कुम्मायक गाउँपालिकाको नक्सा
ङ) यासोक बजार परेवा गुंड
च) देवल
छ) तिङ्देन चोलुङडाँडा
ज) युमा माङहिम वडा नं. ५

**प्रमुख प्रशासकीय अधिकृत**


**साउदी र कतारमा रोजगार** | १. कम्पनी : Spider style company for maintenance and cleaning.
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८३२० L.T. No.: 272414

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Facade Cleaner | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५८,८७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Car Driver | 1 | 0 | | 1700 | ५८,८७१ | | | | | | | |

२. कम्पनी : Kathmandu Trading And Contracting शहर: Qatar

पुर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८३२१ LT. No.: 272563

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1500 | ५३,४४५ | | | | | | | |
| 3. | Foreman | 2 | 0 | | 2500 | ८७,०९७ | | | | | | | |
| 4. | LABOUR | 1 | 0 | | 1000 | ३५,६३० | | | | | | | |
| 5. | MASON | 1 | 0 | | 1200 | ४२,७५६ | | | | | | | |
| 6. | PAINTER | 1 | 0 | | 1200 | ४२,७५६ | | | | | | | |
| 7. | purchase rep | 1 | 0 | | 2500 | ८७,०९७ | | | | | | | |
| 8. | SUPER VISOR | 1 | 0 | | 2500 | ८७,०९७ | | | | | | | |
| 9. | Technical | 1 | 0 | | 1200 | ४२,७५६ | | | | | | | |

३. कम्पनी : FUSION OUTSOURCING AND SERVICES शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०५/१८ चलानी नं.: ६०१६२४१९ LT. No.: 244638 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 6 | 0 | स. काममा दक्ष | 1550 | ४८,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २० गते (6 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**दि गोर्खा रि-इम्प्लाईमेन्ट प्रा. लि.**
बसुन्धारा तिलिङटार चौकी पछाडी वी.पी स्मृती हस्पिटल सँगै, काठमाडौं, नेपाल
E-mail: tgurkha2019@gmail.com, फोन: ०१-५९०३०५३, ५९०३०५५
श्रम इजाजत पत्र नं. ०५७।०५१।०५२
"COMPLETE MANPOWER SOLUTIONS"


## पूर्वाधार विकास कार्यालय

भरतपुर, चितवन, नेपाल

**बोलपत्र स्वीकृतीको आशयको सूचना**

**प्रकाशित मितिः २०७९/०६/१३**

यस कार्यालयबाट मिति २०७९/०३/०२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी E–gp मार्फत मिति २०७९/०४/०१ गते १२ बजेभित्र दर्ता हुन आएका विभिन्न बोलपत्र दाताहरुको आर्थिक प्रस्ताव अध्ययन गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) अनुसार तपशिल बमोजिमका बोलपत्र स्वीकृतीको लागि आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | योजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र | कबोल अङ्क भ्याट समेत रु |
|---|---|---|---|---|
| १ | कर्रा खोला पुल हेटौंडा ७ भांगटार मकवानपुर | IDO/CHT/W/NCB/145/078-79 | डाइनामिक कन्स्ट्रक्सन प्रा.लि., भरतपुर-४ चितवन | ६,६५,८६,८८९।०१ |

**कार्यालय प्रमुख**

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
संघीय सडक सूपरिवेक्षण तथा अनूगमन कार्यालय, काठमाडौं
## सडक डिभिजन काठमाडौं

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०७९/०६/१३)**

यस डिभिजनको मिति २०७९/०५/१० को नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०३/२०७९/८० को वोलपत्र आव्हान सुचना वमोजिम तपसिलका ठेक्काको लागि म्याद भित्र E-Bid मार्फत दर्ता भएका वोलपत्रहरु मध्येबाट न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कवोल अंक रु. (VAT, PS सहित) |
|---|---|---|---|
| RDKTM/ 337310113/ 079/80/006(RE) | Recurrent maintenance of SRN/SURN roads in Core area of Kathmandu (Sector B) | Sakshyam Nirman Sewa | 2909539.81 |
| RDKTM/ 337310113/ 079/80/007(RE) | Recurrent maintenance of SRN/SURN roads in Core area of Kathmandu (Sector C) | Sakshyam Nirman Sewa | 2993342.64 |

**डिभिजन प्रमुख**

### कम्पनीको नाम परिवर्तन भएको सूचना

**प्रकाशित मिति २०७९/०६/१३**

कम्पनीको मिति २०७९/०४/१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी सार्ताप मेरीगोल्ड ईङ्गलिस बोर्डिङ स्कुल प्रा.लि. (द.नं. ५७४०४) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ती तथा तिर्नु बुझाउनु पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार नाम परिवर्तन गरि **रोयल मेरीगोल्ड ईङ्गलिस बोर्डिङ स्कुल प्रा.लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०६/१३**

**ट्विलाईट ओभर्सिज प्रा.लि.**को मिति २०७९/०४/२६ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्राण्ड पर्ल इन्टरनेशनल प्रा.लि. (प्रा. लि.नं.: २९१०३४)**कायम गर्ने गरी मिति २०७९/०५/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०६/१३**

**ओपल कन्स्ट्रक्सन प्रा.लि.**को मिति २०७९/०६/०६ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जागेश्वरी बृहत एग्रिकल्चर फार्म प्रा.लि. (प्रा. लि.नं.: १६१३३९)**कायम गर्ने गरी मिति २०७९/०६/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम तथा रजिष्टर्ड कार्यालयको वार्ड नं. परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशन मिति २०७९/०६/१३**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपूरेश्वरको मिति २०७९/०६/११ को निर्णय अनुसार यस **सुपर सनसाइन इन्टरनेशनल प्रा.लि.** (**Super Sunshine International Pvt. Ltd**) कम्पनीको नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **जि.एम.एस. ट्रेड लिङ्क प्रा.लि. (G.M.S. Trade Link Pvt. Ltd.)** ले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन गर्ने तथा कम्पनीको साबिक रजिष्टर्ड कार्यालय रहने ठेगाना **मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १३** को वडा नं. परिवर्तन भै हाल **वडा नं. १०** भएकोले हुँदा सोही बमोजिम गर्न स्वीकृति प्राप्त भएको हुँदा उक्त व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जि.एम.एस. ट्रेड लिङ्क प्रा.लि.**
**G.M.S. Trade Link Pvt. Ltd.**
**दर्ता नं. ६८९६३ /०६६/०६७**
**मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०**

# बर्दियाको राजापुरमा ४४ जनाद्वारा रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १२ असोज



बर्दियाको राजापुरमा 'रक्तदान जीवनदान' मूल नाराका साथ रक्तदान कार्यक्रम सम्पन्न भएको छ । बुधबार भएको कार्यक्रममा ४४ जनाले रक्तदान गरेका छन् । नेपाल स्वयंसेवी रक्तदाता समाज नगर समिति राजापुर बर्दियाद्वारा आयोजित कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बर्दियाका मन्त्री अर्जुन सुवेदी र नेपाल स्वयंसेवी रक्तदाता समाज नगर समिति राजापुरका अध्यक्ष लोकराज ढुंगानाले संयुक्त रुपमा रगत संकलन गर्ने पाकेट हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए ।

रक्तदान कार्यक्रममा अर्जुन अधिकारी, नेपाल स्वयंसेवी रक्तदाता समाज नगर समिति राजापुर बर्दियाका उपाध्यक्ष नारायण बहादुर मल्ल, युनिक नेपाल बर्दियाका कार्यक्रम अधिकृत सोम प्रसाद चौधरी, राजापुर नगरपालिका वडा नम्बर -६ टपराका पूर्व वडाध्यक्ष महेश कुमार चौधरी, अतुल दहित, कृष्ण प्रसाद थारु, सञ्जिव चौधरी, गम्भीर खान, प्रेमलाल चौधरी, शिव प्रसाद कोइराला, मिलन रेग्मी, राजापुर नगरपालिकाका महिला तथा बालबालिका शाखा अधिकृत रिता कुमारी थारु, इन्द्र बहादुर गारु, कविता न्यौपाने, केशव काफ्ले, राज कुमार चौधरी, सुशान्त मान प्रधान, ईलाका प्रहरी कार्यालय राजापुरका प्रहरी जवानद्वय राजाराम डगौरा र दिपेन्द्र थारुले रक्तदान गरेका थिए ।

यसरी कार्यक्रममा राजापुर नगरपालिका वडा नम्बर ३ केडियाका ६० वर्षीय वृद्ध कमल प्रसाद शर्माले उत्साहपूर्वक रक्रदान गरेका थिए । कार्यक्रममा कर्ण बहादुर थारु, सन्चराम थारु, किसन चौधरी, प्रेम कुमार थारु, देव कुमार चौधरी, बिमलराज सुवेदी, मिन प्रसाल अधिकारी, गणेश चौधरी, नबिन थारु, सौगात मल्लिक, बिनोद थारु, सुमित ध्वज चन्द, भागरथ चौधरी, अमित दहित, निरज कुमार चौधरी, करिस्मा सुनार, राम कुमार दहित, जगत चौधरी, इन्दु चौधरी, श्याम कृष्ण थारु, चैन प्रसाद थारु, राजेश चौधरी,सन्तराम थारु बासु दहित लगायत ४४ जनाले रक्तदान गरेका छन् ।

बर्दिया उद्योग वाणिज्य संघ राजापुर बर्दियाको प्राङ्गणमा आयोजित रक्तदान कार्यक्रममा, युनिक नेपाल नयाँगाउँ बर्दियाका कार्यक्रम अधिकृत सोम प्रसाद चौधरीद्वारा सञ्चालित कार्यक्रममा बाँके र बर्दिया जिल्लामा सबभन्दा बढी रक्तदान भएका तथा नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेका सल्लाहकार पवन जायसवाललाई राजापुर नगरपालिकाका उप-प्रमुख मनकला चौधरीले खादा ओढाएर सम्मान गरिएको थियो ।

रक्तदानको बारेमा पवन जायसवालले कार्यक्रममा जानकारी गराएका थिए ।

कार्यक्रम गराउन नेपाल स्वयंसेवी रक्तदाता समाज बर्दियाका अध्यक्ष प्रेम लम्सालको ठूलो योगदान रहेको समेत उनले जानकारी गराएका थिए । कार्यक्रम युनिक नेपालको सक्रिय सहयोग, राजापर नगरपालिका बर्दिया र नेपाल स्वयंसेवी रक्तदाता समाज बर्दिया समन्वयमा, हाम्रो मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजापुर, साँग्रिला डेभलपमेन्ट बैंक राजापुर, ज्योति विकास बैंक र राजापुर नगरपालिकाको वडा नम्बर एकदेखि दशसम्मको सहकार्यमा रक्तदान कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा टिभी टुडेका ऋषि वाग्ले, राजापुर-४ का वडाध्यक्ष बिदूर पोखेल, नेपाल स्वयंसेवी रक्तदाता समाज नगर समिति राजापुरका अध्यक्ष लोकराज ढुंगाना, सचिव रबिन थारु, उपाध्यक्ष नारायण बहादुर मल्ल लगायतको सक्रिय सहभागितामा रहेको थियो।

नेपाल रेडक्रस सोसाइटी शाखाद्वारा सञ्चालित प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र नेपालगन्जका होमराज गिरी, सुनिल रत्गैया, स्वस्तिका केसी, हिरा ओली, बसन्ती कार्की, सञ्जय बढही, बीरेन्द्र योगी लगायतले प्राविधिकमा सहयोग गरेका थिए ।

# त्रिभुवन विमानस्थल वरपर चंगा उडाए कारबाही

काठमाडौं/मस- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल वरपर चङ्गा उडाउनेलाई कारबाही हुने भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले एक सूचना प्रकाशित गरी विमानस्थल वरपर चङ्गा उडाउँदा हवाई उडानमा खतरा हुने भन्दै सो कार्य तत्काल रोक्न आग्रह गरेको छ ।

विमानस्थलमा जहाज उडान तथा अवतरणको समयमा विमानस्थलको आसपासको क्षेत्रमा चङ्गा उडाउँदा विमानको उडान सुरक्षामा गम्भीर असर पर्नसक्ने भएको हुँदा यस किसिमको गतिविधि एवं क्रियाकलाप नगर्न/नगराउन हुन सम्बन्धित सबैमा प्राधिकरणले प्रकाशित गरेको सूचनामा जनाइएको छ। यदि कसैले उक्त सूचनाको अवज्ञा वा अटेर गरी चङ्गा उडाउने कार्य वा गतिविधि गरे तथा गराएको पाइएमा प्रचलित कानुनबमोजिम कडा कारबाही हुनेसमेत प्राधिकरणले चेतावनी दिएको छ ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

## Kamala Irrigation Management Office

Portaha, Dhanusha

## Invitation for Bids

Date of Publication: **2079/06/13 (29th September 2022)**

1. Kamala Irrigation Management Office, Dhanusha invites electronic bids only from eligible bidders for following works:

| S.N | Contract Identification Number | Description and Location of Works | Estimated Amount (without VAT) NRs. | Bid Security Amount (NRs.) | Non-refundable Fee for Bid (NRs.) |
|---|---|---|---|---|---|
| 1 | KIMO/HIS/AMIS/ NCB-01/079/80 | Construction of Canal Lining and Service Road Strengthening works. | 34,08,919.24 | 1,00,000.00 | 3,000.00 |
| 2 | KIMO/WCS/AMIS/ NCB-02/079/80 | Construction of Canal Lining and Strengthening Bank Works. | 1,48,25,375.84 | 4,35,000.00 | 3,000.00 |
| 3 | KIMO/WCS/AMIS/ NCB-03/079/80 | Construction of VRB, Canal lining with Structure protection Works. | 48,41,182.95 | 1,42,000.00 | 3,000.00 |
| 4 | KIMO/WCS/ LGIRMTP/NCB- 1/079/80 | Construction of Box culvert, VRB, Canal Lining with Structure protection Works. | 1,12,97,417.49 | 3,46,000.00 | 3,000.00 |
| 5 | KIMO/WCS/ LGIRMTP/NCB- 02/079/80 | Repair and Maintenance of Service Road in (WCS). | 27,64,238.53 | 81,000.00. | 3,000.00 |
| 6 | KIMO/ECS/ LGIRMTP/NCB- 03/079/80 | Construction of Canal Lining Works in Kalyanpur Branch Canal. | 38,36,065.34 | 1,12,000.00 | 3,000.00 |
| 7 | KIMO/ECS/ LGIRMTP/NCB- 04/079/80 | Repair and Maintenance of Service Road of Eastern Main Canal. | 35,50,154.01 | 1,04,000.00 | 3,000.00 |
| 8 | KIMO/ECS/ LGIRMTP/NCB- 05/079/80 | Construction of Rcc Inlet,VRB, Super Passage Cum VRB and Rcc culvert Structure Works. | 1,11,22,014.12 | 3,26,000.00 | 3,000.00 |
| 9 | KIMO/ECS/ LGIRMTP/NCB- 06/079/80 | Construction of Slope Lining in Eastern Main Canal. | 1,32,41,967.91 | 3,88,000.00 | 3,000.00 |
| 10 | KIMO/STMSBK/ NCB-01/079/80 | Construction of Deep Tubewell and Pump Test in Mahottari District. | 73,62,902.43 | 2,16,000.00 | 3,000.00 |
| 11 | KIMO/STMSBK/ NCB-02/079/80 | DTW-Electrification Works in Dhanusha District. | 27,03,254.13 | 79,000.00 | 3,000.00 |
| 12 | KIMO/STMSBK/ NCB-03/079/80 | DTW-Electrification Works in Dhanusha District. | 51,15,270.65 | 1,50,000.00 | 3,000.00 |
| 13 | KIMO/STMSBK/ NCB-04/079/80 | Construction of Deep Tubewell and Pump Test in Dhanusha District. | 1,51,37,577.80 | 4,44,000.00 | 3,000.00 |
| 14 | KIMO/STMSBK/ NCB-05/079/80 | Construction of Deep Tubewell and Pump Test in Siraha District. | 1,05,24,151.89 | 3,09,000.00 | 3,000.00 |
| 15 | KIMO/STMSBK/ NCB-06/079/80 | DTW-Electrification Works in Siraha District. | 56,94,314.75 | 1,67,000.00 | 3,000.00 |
| 16 | KIMO/STMSBK/ NCB-07/079/80 | Construction of Deep Tubewell and PumpTest in Saptari District. | 1,26,33,980.00 | 3,70,000.00 | 3,000.00 |
| 17 | KIMO/STMSBK/ NCB-08/079/80 | Construction of Distribution System, Pump and Accessories Installation and Electrification Works. | 1,13,65,564.70 | 3,33,000.00 | 3,000.00 |

2. Purchase, Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2079/07/14 (31st Oct. 2022) | 12:00 Hrs | 2079/07/14 (31st Oct. 2022) | 13:00Hrs | For additional information Email:-kimo@dwri.gov.np Contact no.9854021118./9862037760 Bidders can download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. In e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |

3. Revenue and DharautiAccount Details:

| Account Holder's Name | Bank Name | Account Number | Heading No. | Remarks |
|---|---|---|---|---|
| District Treasury Comptroller Office, Dhanusha | RastriyaBanijya Bank Limited, Dhanusha | 1220100102030000 (Dharauti) | Office code:- 308031701 (Kamala Irrigation Management Office) | OR Issued by "A" class Commercial bank or Financial Institution eligible to issue Bank Guarantee for Bid security |
| Kamala Irrigation Management Office, Dhanusha | RastriyaBanijya Bank Limited, Dhanusha | 1000200010000 (Rajswa) | Revenuesirshak no. 14229 | For Price of Bid. |

4. Pre-bid meeting shall be held on 2079/07/03 (20th Oct., 2022) at 12:00 hrs at Kamala Irrigation Management Office, Portaha, Dhanusha.
5. If the 31st day of purchasing, submission falls on a government holiday, then the next working day shall be considered at last day.In such case the validity period of the bid security shall remain the same as specified for the 31st day date of bid submission.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Office Chief**


## ZERO COST RECRUITMENT IN MALAYSIA!!

## मलेशियामा शुन्य लागतको रोजगार !!

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

**(Company Name) : CAREPLUS (M) SDN. BHD. Malaysia**
**रोजगारदाता कम्पनी : केयरप्लस (एम) एसडिएन. बिएचडी. मलेशिया, क्लाङ**

| पूर्व स्वीकृत मितिः २०७९/०६/११ | चलानी नं.:६०१८८४५५ | एल टी नं.: २७२६५९ |
|---|---|---|
| Pre Approval Date: 27/09/2022 | Consignment No.:60188455 | L.T. No.: 272659 |

| सि. नं S. N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या: Male पुरुष | Total No Of Demand माग संख्या: Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब: MYR रिङ्गिट | Monthly Basic Salary मासिक तलब: NPR ने.रु. | Over time ओभरटाइम सुबिधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 125 १२५ | 0 | Basic Understanding of English speaking and writing साधारण अंग्रेजी लेख्न, पढ्न र बुझ्न सक्ने | 1500 १५०० | 42,360 ४२,३६० | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहार्ने र कति लाग्ने | Abroad Medical Cost borne by बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहार्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले व्यहार्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/ No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले व्यहार्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहार्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहार्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले व्यहार्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले व्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगार दाताले व्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहार्ने |

**CAREPLUS (M) SDN. BHD doesn't impose any Recruitment/Placement Fee for this employment.**
**केयरप्लस (एम) एसडिएन. बिएचडी. ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।**

Maven Recruitment Services Pvt.Ltd. does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.
मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.कुनै पनि एजेन्ट, सव-एजेन्ट, तेश्रो पक्ष र मध्यस्तता रहेको छैन् र हामी हाम्रो भर्ती पक्रियमा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौं ।

Note (नोट):
आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

**Pre interview will be conducted daily basis in our office Premises.**
**प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय परिसरमा चलिरहेको छ ।**
**Final Interview will be conducted on 14 Oct. 2022 in Kathmandu.**
**फाइनल अन्तर्वार्ता मिति २०७९ असोज २८ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Maven Recruitment Services Pvt.Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पार दर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल mavenrs2017@gmail.com मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासो हरुलाई सम्बोधन गर्नेछौं ।
Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at **mavenrs2017@gmail.com**, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

Gov. Lic No. 1081/073/074

**Maven Recruitment Services Pvt. Ltd.**
**साविकको : Baby Star International Pvt. Ltd.**
Sinamangol-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
9851041565, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np

मध्यान्ह
www.madhyanhadaily.com
१३ असोज २०७९, बिहीबार
29 September 2022, Thursday

## सम्पादकीय

# निगरानीको खाँचो

हिन्दू धर्मालम्बीहरूको चाड दशैं नजिकिएको छ । धार्मिक विधि अनुसार, दशैं मनाउने तयारी अगाडि बढिसकेको छ । घर भन्दा टाढा रहनेहरू फर्कने क्रम तीव्र बनेको छ । विशेषगरी अध्ययन र रोजगारीमा रहेकाहरू घर फर्कने क्रममा सार्वजनिक सवारी भरिएका छन् । राजधानी उपत्यका सहित ठूला शहरमा रहेकाहरू गाउँ फर्किरहेका छन् । त्यस मध्ये सवैभन्दा ठूलो समूह राजधानी उपत्यकाबाट फर्कनेहरू नै हुन् । सरकारी सेवामा रहेका, नीजि तथा सार्वजनिक क्षेत्रमा काम गरिरहेकादेखि अध्ययनका क्रममा राजधानीमा बस्नेहरूले घर फर्कन टिकट पाउनै मुस्किल पर्ने परिस्थिति छ । यसबाहेक प्रदेश राजधानी वा अन्य क्षेत्रीय शहरहरूबाट घर फर्कनेको भीडले बसपार्क र सार्वजनिक सवारी भरिएका छन् । किनमेल गर्नेको भीड बजारमा बढेको छ ।

यस्तो बेला सरकारको दायित्व भने नियमन र निगरानी बढाउने हो । किनकि कृतिम अभाव र मूल्यबृद्धि यस्तै बेला हुने हो । कृतिम अभाव र अनियन्त्रित मूल्य बृद्धिको असर न्यून आय भएका परिवारमा पर्ने गर्छ । तसर्थ राज्यको उपस्थिति यस्तै बेला आवश्यक पर्छ । स्थानीय तहमा स्थानीय सरकार, जिल्लामा जिल्ला प्रशासन, प्रदेश प्रशासन र संघीय सरकारले विशेष उपस्थिति जनाउँदा कृतिम अभाव न्यूनिकरणमा सहयोग पुग्छ । अनुगमन बढाउँदा मूल्यबृद्धि स्थीर राख्न सकिन्छ । घर फर्कनेको भीड धेरै हुने भएकाले सुरक्षित सवारी राज्यको दायित्व हो । क्षमता भन्दा बढी यात्रु राख्न नदिने, व्यवस्थित प्रणालीबाट टिकट वितरण, ट्राफिक नियमको पालना लगायतले सुरक्षित सवारीमा सहयोग पुग्छ ।

अघिल्ला वर्षहरूको नजीरले पनि अहिले राज्यको उपस्थिति बढाउन आवश्यक हुन्छ । बितेका केही वर्ष छोड्ने हो भने सडक दुर्घटना चाडबाडकै बेला धेरै हुने गरेको छ । विश्वब्यापी कोरोना महामारीका कारणले सन् २०२० यता सवैभन्दा बढी उत्सबका साथ यसपटक नै चाडबाड मनाइदैछ । केही वर्ष भने महामारीका कारणले भीडभाड घटाइएको थियो । त्यसैले घर फर्कने संख्या पनि घटेको थियो । यसपटक फेरि सामान्यकालकै अनुभव दिलाउनेगरी चाड मनाउने तयारी भइरहेको छ । त्यसैले सरकारले पनि विशेष चासो राख्न जरूरी छ । विश्वब्यापी आर्थिक संकट, महामारीका कारणले बिथोलिएको आर्थिक सन्तुलन र डेंगीका कारणले निम्तिएको संकटका बीच नागरिकलाई उत्सवको अवसर सिर्जना गर्न नै सरकारको दायित्व हो । नागरिकले पनि सुरक्षित रहेर चाड मनाउनु उचित हुन्छ ।

# उदारवादी अर्थनीतिको संकट

*पश्चिमाले नवउदार अर्थनीतिको जे-जसरी डंका पिट्दै थिए, आज उनीहरु नै त्यही नीतिले थला परेका छन् । आर्थिक मन्दी तथा वित्तीय संकटहरुको भयंकर ठूलो दुष्चक्रले गर्दा विकसित पश्चिमा देशहरु नै आज विकल्पको खोजीमा देखिएका छन् ।*

अग्रलेख



● लोकनारायण सुबेदी

पश्चिमा मुलुकले नवउदार अर्थनीतिको जेजसरी डंका पिट्दै थिए, आज उनीहरु नै त्यही नीतिले थला परेका छन् । आर्थिक मन्दी तथा वित्तीय संकटहरुको भयंकर ठूलो दुष्चक्रले गर्दा विकसित पश्चिमा देशहरु नै आज विकल्पको खोजीमा देखिएका छन् । नवउदारवादी अर्थतन्त्रले जुन कामको समाजिकीकरण र पूँजीको थप अझ सघन केन्द्रिकरण गरिदियो त्यसले पूँजी र श्रमबीचको संघर्षलाई अझ तीब्र बनाइदिएको छ । यसको सोझो अर्थ हो श्रम पूँजीको शोषणको अझ बढी शिकार भयो । यसले सम्पन्न र विपन्नबीच खाडललाई पुर्नको साटो अझ बढी फराकिलो बनाइदियो । अविकसित र विकसित क्षेत्रबीचको असमानतालाई पनि परिणामतस् अझ गहिरो तुल्याउन पुग्यो । अन्यत्रको कुरा छोडौं, नेपालकै बैंकहरुको ऋणप्रवाहको तथ्यांक आर्थिक सर्वेक्षणले जुन प्रकाशमा ल्याएको छ त्यत्ति मात्र हेरे पनि धेरै कुरा एकदमै छर्लङ्ग हुन्छ ।

केही वर्ष पहिला स्वीट्जरल्याण्डको डाभोसमा सम्पन्न विश्व आर्थिक मञ्चमा जम्मा भएका पश्चिमा अर्थतन्त्रका दिग्गज पहरहेदाहरुले निकालेको निष्कर्षले पनि यही यथार्थलाई राम्रोसँग यथार्थको उजारगर गरेको छनक दिएको थियो । त्यतिबेला नै उनीहरुले चीनको विकसित र शक्तिशाली हुँदो अर्थतन्त्रलाई निक्कै गम्भीरताकासाथ हेरेका थिए । अनि चीनको अर्थतन्त्रमा तलमाथि हुँदा पश्चिमा देशहरुको अर्थतन्त्र नराम्रोसँग चर्मराउने र धराशायी हुनसक्ने गम्भीर निष्कर्ष निकाल्दै चीनले लिने आर्थिक नीति र खुलापना के कस्तो हुने र कसरी अगाडि बढ्ने हो भन्ने कुरामा नै उनीहरुले ध्यान केन्द्रित गर्दै र चिन्ता लिदै आएका हुन् र आइरहेका छन् ।

वास्वतमा, आज ती पश्चिमा मुलुकहरुले सामाजिक सुरक्षाका सबैजसो महत्वपूर्ण क्षेत्रमा अत्याधिक खर्च कटौति गर्दा पनि अर्थतन्त्रको रक्षा गर्न नसकिने स्थिति सिर्जना भइरहेको अवस्थामा नवउदारवादको वकालत गर्नेहरुको तर्कले अब काम गर्न छाडेको एकदमै प्रष्ट हुन्छ । नाफा केन्द्रित र मानवद्वेषी अर्थतन्त्रलाई काखी च्यापेर अस्तित्व बचाइराख्न र अघि बढ्न त झन नसकिने अवस्था सिर्जना हुने भएकोले वैकल्पिक आर्थिक बाटो अब के हुन सक्छ भन्ने विषयमा उनीहरु केन्द्रित भएर छटपटिन थालेको देखिँदै आएको छ । यस परिप्रेक्षमा आर्थिक विकासमा उदाउँदो विश्वको आर्थिक महाशक्ति केन्द्र बन्दै गएको चीन र भारतका बीचमा रहेको हाम्रो देशले अबलम्बन गर्नुपर्ने आर्थिक विकासको मार्गचित्र र मूलबाटो के हो भन्ने कुरामा अत्यन्तै गम्भीरतासाथ बृहतरुपमा सोच विचार तथा विचार विमर्श गरिनु पर्ने र निष्कर्ष उपयुक्त र दीगो प्रकृतिको निष्कर्ष निकाल्नु पर्ने ज्वलन्त राष्ट्रिय आवश्यकता बन्न गएको छ र बनिरहेको छ ।

